**मैवाखोला राजपत्र**

**मैवाखोला गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड (१) साँघु, माघ २८ गते २०७९ साल (संख्या १०)**

**भाग- १**


# मैवाखोला गाउँपालिकाको फोहोरमैला व्यवस्थापन गर्न बनेको ऐन - २०७९

**गाउँसभाबाट स्वीकृत मितिः २०७९।१०।२८**

**राजपत्रमा प्रकाशित मितिः २०७९।११।०८**

प्रमाणीकरण मितिः२०७९\११\०८

# मैवाखोला गाउँपालिकाको फोहोरमैला व्यवस्थापन गर्ने बनेको ऐन, २०७९

**प्रस्तावना :** मैवाखोला गाउँपालिकाको गाउँक्षेत्र उत्पादन वा निष्काशन भएको फोहोरमैलालाई स्रोतमा न्यूनीकरण, पुनः प्रयोग, प्रशोधन वा विसर्जन गरी फोहोरमैला बाट जनस्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई कम गरी स्वच्छ र स्वस्थ वातावरण कायम गर्नका लागि फोहोरमैलालाई व्यवस्थित तथा प्रभावकारी ढङ्गले व्यवस्थापन गर्न लागि कानून बनाउन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ बमोजिम मैवाखोला गाउँपालिकाको १२ औं गाउँसभाले यो ऐनको तर्जुमा गरेको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम "मैवाखोला गाउँपालिकाको फोहोरमैला व्यवस्थापन गर्ने बनेको ऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :** (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो ऐनमा, (क)"कण्टेनर" भन्नाले फोहरमैला सङ्कलन गर्ने प्रयोजनको लागि निश्चित स्थानमा राखिएको फोहोरमैला थुपार्ने भाँडो, बाकस, बाल्टीन वा यस्तै प्रकारको अन्य कुनै वस्तु सम्झनु पर्छ र सो शब्दले कम्पोष्ट मल उत्पादन गर्न राखिएको भाँडो समेतलाई जनाउनेछ।

(ख) "कार्यापालिका" भन्नाले मैवाखोला गाउँपालिकाको गाउँ कार्यापालिकालाई सम्झनुपर्छ।

(ग) "ढुवानी" भन्नाले सङ्कलित फोहोरमैला उत्पादन स्थलबाट सङ्कलन केन्द्र र सङ्कलन केन्द्रबाट स्थानान्तरण केन्द्रसम्म वा स्थानान्तरण केन्द्रबाट फोहोरमैला व्यवस्थापन स्थल वा गाउँपालिकाले तोकेको स्थानसम्म लैजाने कार्य सम्झनु पर्छ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) "गाउँपालिका" भन्नाले मैवाखोला गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ र सो शब्दले वडा कार्यालय समेतलाई जनाउनेछ।

(च) "न्यूनीकरण" भन्नाले कुनै पनि प्रविधि वा उपायको प्रयोग गरी फोहोरमैलाको परिमाण आकार वा प्रभावमा कम गर्ने कार्य सम्झनु पर्छ।

(छ)"निष्काशन" भन्नाले फोहोरमैला उत्पादन स्थलबाट गाउँपालिकाले तोकेको स्थानमा थुपार्ने वा निकाल्ने कार्य सम्झनु पर्छ।

(ज) "प्रदूषण" भन्नाले फोहोरमैला बाट निस्कने ठोस , तरल वा ग्यास वस्तुको संयोजनबाट वातावरणमा

प्रत्यक्ष वा अप्रत्यक्ष रुपले प्रभाव परी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुऱ्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानि नोक्सानी पुऱ्याउने क्रियाकलाप सम्झनु पर्छ।

(झ) "प्रभावित क्षेत्र" भन्नाले फोहोरमैला व्यवस्थापन स्थलको प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लिखित क्षेत्रलाई सम्झनु पर्छ।

(ञ) "प्रशोधन" भन्नाले फोहोरमैलाको रुप वा गुणमा परिवर्तन गरी अन्य कुनै उपयोगी वस्तु तयार गर्ने, मल, ग्यास, ऊर्जा वा अन्य वस्तु उत्पादन गरी फोहोरमैलाको व्यवस्थापन गर्ने प्रक्रिया सम्झनु पर्छ।

(ट) "प्रशोधन केन्द्र" भन्नाले फोहोरमैलालाई प्रशोधन गरी मल, ग्यास, ऊर्जा वा अन्य वस्तु उत्पादनका लागि कार्य सञ्चालन गर्ने स्थान सम्झनु पर्छ।

(ठ) "पुनः चक्रीय प्रयोग" भन्नाले प्रविधिको प्रयोगद्वारा सङ्कलित फोहोरमैलालाई कच्चा पदार्थमा रुपान्तरण गरी उपयोगी वस्तुको रुपमा विकास गरी पुनः प्रयोगमा ल्याउने कार्य सम्झनु पर्छ।

(ड) "फोहोरमैला" भन्नाले घरेलु फोहोरमैला, औद्योगिक फोहोरमैला, रासायनिक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहोरमैला सम्झनु पर्छ र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अवस्थामा रहेका, फालिएका वा सडेगलेका, वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएका ठोस, तरल, ग्यास, लेदो, धुवाँ, धुलो, विद्युतीय तथा सूचना प्रविधिका लागि प्रयोग भएका सामग्रीहरु लगायतका पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरु वा अनधिकृत रुपमा सार्वजनिक स्थलमा टासिएका पोष्टर, पम्पलेट र नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी फोहोरमैला भनी तोकिदिएको अन्य वस्तु समेतलाई जनाउनेछ।

(ढ) "फोहोरमैला व्यवस्थापन" भन्नाले फोहोरमैलालाई उचित ढङ्गले सङ्कलन, पृथकीकरण, पुनःचक्रीय प्रयोग, प्रशोधन र विसर्जन गर्ने कार्यलाई सम्झनु पर्छ।

(ण) "फोहोरमैला व्यवस्थापन स्थल (स्यानिटरी ल्याण्डफिल साइट)" भन्नाले फोहोरमैला विसर्जन वा प्रशोधन गर्नको लागि गाउँपालिकाले तोकेको स्थल सम्झनु पर्छ।

(त) "फोहोरमैला सङ्कलन" भन्नाले फोहोरमैला उत्पादन स्थलबाट उठाउने, घर- घरबाट सङ्कलन गर्ने, सार्वजनिक स्थलमा रहेको फोहोरमैला बढार्ने, थुपार्ने, झारपात उखेल्ने तथा अनधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्पलेट उक्काई सङ्कलन गर्ने कार्य सम्झनु पर्छ।

(थ) "फोहोरमैला सङ्कलन तथा ढुवानी साधन" भन्नाले फोहोरमैला सङ्कलन तथा ढुवानी गर्ने प्रयोजनका लागि प्रयोग गरिने साधन, उपकरण वा औजार सम्झनु पर्छ।

(द) "बन्द पश्चात् व्यवस्थापन (पोस्ट क्लोजर म्यानेजमेण्ट)" भन्नाले फोहोरमैला व्यवस्थापन स्थलमा फोहोरमैला विसर्जन गर्न बन्द गरे पश्चात सो क्षेत्रको बातावरणीय सन्तुलन कायम राख्नको लागि गरिने कार्य सम्झनु पर्छ।

(ध) "रासायनिक फोहोरमैला" भन्नाले यथास्थितिमा प्रयोग हुन नसक्ने जुनसुकै स्रोत तथा प्रक्रियाबाट निस्केका मानव स्वास्थ्य लगायत जीव, जन्तु एवं वातावरणमा प्रतिकूल असर पार्ने सम्पूर्ण रासायनिक पदार्थहरु

वा समय समयमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी रासायनिक फोहोरमैला भनी तोकेका ठोस, तरल, धुलो, लेदो, ग्यास लगायतका पदार्थ वा वस्तुलाई सम्झनु पर्छ।

(न) "विसर्जन" भन्नाले फोहोरमैलाको अन्तिम निष्काशन तथा व्यवस्थापन सम्झनु पर्छ।

(प) "सङ्कलन केन्द्र" भन्नाले मैवाखोला गाउँपालिकाको गाउँ क्षेत्र भित्र सर्वसाधारण तथा नीजि घर, व्यवसाय जस्ता क्षेत्रबाट दैनिक रुपमा उत्पादन हुने फोहोरमैला सङ्कलन गरी निर्धारित समयसम्म फाल्न, राख्न वा थुपार्नको लागी गाउँपालिकाले डस्टबिन (Dustbin), फोहोर सङ्कलन गर्ने साधान जस्ता वस्तु राखी फोहोरमैला विसर्जन गर्न निश्चित संकेत वा बोर्ड राखी तोकेको स्थानलाई सम्झनुपर्छ र सो शब्दले घरघरमा फोहोरमैला सङ्कलन गर्न आउने गाउँपालिकाले तोकेको फोहोरमैला सङ्कलक वा फोहोरमैला सङ्कलन गर्ने साधन समेतलाई जनाउनेछ।

(फ) "समिति" भन्नाले यस ऐनको दफा २४ बमोजिम गठन हुने समितिलाई सम्झनु पर्छ।

(ब) "सामुदायिक संस्था" भन्नाले नाफा आर्जन नगर्ने उद्देश्यले समुदायको हितका निम्ति प्रचलित कानून बमोजिम स्थापित समुदायमा आधारित सहभागितामूलक टोल विकास संस्था, सहकारी संस्था वा गैरसरकारी संस्था सम्झनु पर्छ।

(भ) "स्थानान्तरण केन्द्र" भन्नाले सङ्कलित फोहोरमैला विसर्जन गर्न फोहोरमैला व्यवस्थापन स्थल (स्यानिटरी ल्याण्डफिल साइट) मा लैजानु अघि फोहोरमैला सङ्कलनको लागि गाउँपालिकाले तोकेको स्थान सम्झनु पर्छ।

(म) "स्वास्थ्य संस्थाजन्य फोहोरमैला" भन्नाले अस्पताल, क्लिनिक, फार्मेसी, औषधी पसल, ब्लड बैङ्ग, प्याथोलोजिकल प्रयोगशाला, पशु-स्वास्थ्यजन्य संस्था वा स्वास्थ्य अनुसन्धान केन्द्रबाट उत्पादन तथा निष्काशन हुने हानिकारक फोहोरमैला सम्झनु पर्छ।

(य) "हानिकारक फोहोरमैला" भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने, मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानी नोक्सानी पुर्‍याउने विभिन्न रुपमा निष्काशित वस्तु पदार्थ तथा रेडियो विकिरण सम्झनु पर्छ।

## परिच्छेद -२
## फोहोरमैलाको व्यवस्थापन

**३. फोहोरमैलाको व्यवस्थापन गर्ने** : (१) फोहोर मैलाको व्यवस्थापन गर्नु गाउँपालिकाको जिम्मेवारी हुनेछ।

(२) गाउँ क्षेत्रभित्र संघीय कानून बमोजिम सञ्चालनमा रहेका अस्पताल बाहेकका स्वास्थ्य संस्था, निजी घर, व्यवसाय, उद्योग, कलकारखाना, शैक्षिक संस्था, पार्क, बसपार्क, सार्वजनिक बाटो, खेलमैदान जस्ता क्षेत्रबाट दैनिक रुपमा निष्काशन वा उत्सर्जन हुने फोहोरमैलालाई गाउँपालिकाले व्यवस्थापन गर्नेछ।

(३) उपदफा (२) बमोजिम फोहोरमैलाको व्यवस्थापन गर्न स्थानान्तरण केन्द्र (ट्रान्सफर स्टेशन), ल्याण्डफिल साइट, प्रशोधन प्लाण्ट, कम्पोष्ट प्लाण्ट, बायो ग्यास प्लाण्ट लगायत फोहोरमैलाको सङ्कलन, अन्तिम

विसर्जन तथा प्रशोधनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन गर्ने जिम्मेवारी गाउँपालिकाको हुनेछ।

(४) फोहोरमैला सङ्कलन केन्द्र, स्थानान्तरण केन्द्र वा प्रशोधन केन्द्रमा फालिएको वा राखिएको फोहोरमैला वा सरसफाईको सिलसिलामा जम्मा भएको फोहोरमैलाको प्रबन्ध गर्ने वा कुनै पनि किसिमबाट प्रयोग गर्ने अधिकार र जिम्मेवारी गाउँपालिकाको हुनेछ।

(५) उपदफा (२) बमोजिमका क्षेत्रमा फोहोरमैला व्यवस्थापन गर्न गाउँपालिकाले सेवा शुल्क निर्धारण गर्न सक्नेछ।

(६) कुनै उद्योग वा स्वास्थ्य संस्थाले हानिकारक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला, रासायनिक फोहोरमैला तथा औद्योगिक फोहोरमैला प्रशोधन गरी बाँकी रहेको फोहोरमैला तथा अन्य फोहोरमैलाको व्यवस्थापन गरिदिन गाउँपालिकालाई अनुरोध गरेमा वा गाउँपालिकाले निर्माण गरेको फोहोरमैला व्यवस्थापन स्थल प्रयोग गर्न माग गरेमा गाउँपालिकाले निर्धारण गरे बमोजिमको सेवा शुल्क लिई फोहोरमैलाको व्यवस्थापन गरिदिन वा फोहोरमैला व्यवस्थापन स्थल प्रयोग गर्न दिन सक्नेछ।

**४. फोहोरमैलाको उत्पादन कम गर्नेः** (१) कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम, कारोबार वा व्यवसाय गर्दा उत्पन्न हुने फोहोरमैला यथाशक्य कम गर्नु पर्नेछ।

(२) आफ्नो क्षेत्रभित्र विसर्जन हुन सक्ने फोहोरमैलाको विसर्जन वा पुनः प्रयोगको व्यवस्था मिलाई बाँकी फोहोरमैला मात्र निष्काशन गरी फोहोरमैलाको परिमाणलाई घटाउनु प्रत्येक व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ।

**स्पष्टीकरण :** "आफ्नो क्षेत्र" भन्नाले निजी घर कम्पाउण्ड, औद्योगिक क्षेत्रको परिसर अस्पताल वा स्वास्थ्य संस्थाको परिसर, औद्योगिक प्रतिष्ठानको परिसर लगायत फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको परिसरलाई सम्झनु पर्छ।

**५.फोहोरमैलाको पृथकीकरणः** (१) गाउँपालिकाले फोहोरमैलालाई स्रोतमै छुट्याउने गरी देहाय बमोजिम विभाजन गर्नेछ :

(क) जैविक फोहोरमैला- प्राकृतिक स्रोत वा वस्तुबाट उत्पादित फोहोरमैला जुन सामन्यतयाः प्रकृतिक रुपमै चाँडै गल्न वा नष्ट हुन सक्दछ।

(ख) अजैविक फोहोरमैला प्राकृतिक स्रोत वा अप्राकृतिक वस्तु तथा रसायनबाट उत्पादित फोहोरमैला जुन सामान्यतयाः प्रकृतिक रुपमै चाँडै गल्ने वा नष्ट हुन सक्दैन तर त्यस्तो फोहोरमैला पुनःचक्रिय प्रयोग हुन वा नहुन सक्दछ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले तोकिदिए बमोजिम फोहरमैलालाई स्रोतमै छुट्याई सङ्कलन केन्द्रसम्म पुर्याउने दायित्व त्यस्तो फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था या निकायको हुनेछ र यसको लागि गाउँपालिकाले आवश्यक प्रविधि, मालसामान, उपकरण, कण्टेनर आदि उपलब्ध गराउन सक्नेछ।

**६. फोहोरमैलाको निष्काशन :** (१) फोहोरमैला निष्काशनको समय, स्थान र तरिका गाउँपालिकाले निर्धारण गरी सार्वजनिक रुपमा प्रकाशन वा सूचना गर्नेछ ।

(२) हानिकारक फोहोरमैला रासायनिक फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहोरमैला तोकिए बमोजिम व्यवस्थापन गर्नु पर्नेछ ।

(३) हानिकारक फोहोरमैला वा रासायनिक फोहोरमैला सङ्कलन केन्द्र वा स्थानान्तरण केन्द्रमा निष्काशन गर्न पाइने छैन ।

**७. फोहोरमैला सङ्कलन केन्द्र तोक्ने :** (१) गाउँपालिकाले फोहोरमैलालाई व्यवस्थित रुपमा सङ्कलन गर्न प्रत्येक टोल वा वस्तीमा सङ्कलन केन्द्र तोकी आवश्यक कण्टेनरको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सङ्कलन केन्द्र तोक्दा यथाशक्य टोल वा वस्तीका सबैलाई पायक पर्ने गरी वातावरणीय रुपले उपयुक्त स्थान तोक्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको सङ्कलन केन्द्रमा फोहोरमैला निष्काशन र सङ्कलन गर्ने समय र तरिका गाउँपालिकाले निर्धारण गरि सार्वजनिक रुपमा प्रकाशन वा सूचना गरी जानकारी गराउनेछ ।

**८. फोहोरमैलाको ढुवानीः** (१) सङ्कलन केन्द्रमा जम्मा भएको फोहोरमैलालाई स्थानान्तरण केन्द्र, प्रशोधन केन्द्र वा फोहोरमैला व्यवस्थापन स्थलसम्म ढुवानी गर्ने दायित्व गाउँपालिका वा गाउँपालिकाबाट यस ऐन बमोजिम त्यस्तो कार्य गर्ने जिम्मेवारी प्राप्त गरेको संस्था वा निकायको हुनेछ ।

(२) फोहोरमैला ढुवानी गर्दा तोकिए बमोजिमको ढुवानी साधन प्रयोग गर्नु पर्नेछ । ढुवानीको साधन तोक्दा तौल, क्षमता, तरिका वा विधि, सडकको क्षमता तथा फोहरमैला ढुवानी गर्दा वातावरणमा पर्न सक्ने प्रभाव समेतलाई विचार गरी तोक्नु पर्नेछ ।

(३) फोहोरमैला ढुवानी गर्दा गाउँपालिकालले दफा ५ बमोजिम स्रोतमा छुटयाई निष्काशन तथा सङ्कलन गरिएको फोहोरमैलाको अलग अलग ढुवानी गर्नु पर्नेछ ।

**९. फोहोरमैलाको न्यूनीकरण पुनः प्रयोग तथा पुनः चकीय प्रयोगः** (१) गाउँपालिकाले फोहोरमैला न्यूनीकरण , पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोगलाई प्रोत्साहन गर्न आवश्यक कार्य गर्नेछ र यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(२) उद्योगको उत्पादन प्याकिङ गर्न प्रयोग गरेको वस्तुलाई पुनः प्रयोग गरी फोहोरमैलाको परिमाणलाई घटाउने काममा प्रोत्साहन गर्न सम्बन्धित उद्योगसँग गाउँपालिकाले समन्वय गर्न सक्नेछ ।

`

## परिच्छेद -३

## फोहोरमैला व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था

**१०. स्थानान्तरण केन्द्र तोक्ने:** (१) गाउँपालिकाले प्रारम्भिक चरणमा सङ्कलन भएको फोहोरमैलालाई व्यवस्थित गर्न कुनै स्थानलाई स्थानान्तरण केन्द्रको रुपमा तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको स्थानान्तरण केन्द्र तोक्दा जनस्वास्थ्य तथा वातावरणमा प्रतिकूल असर नपर्ने गरी तोक्नु पर्नेछ र यसरी तोकिएको स्थललाई दुर्गन्ध नआउने गरी आवश्यक व्यवस्था समेत गर्नु पर्नेछ।

**११. फोहोरमैला व्यवस्थापन स्थल:** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सङ्कलन भएको फोहोरमैलालाई व्यवस्थापन तथा स्थायी रुपमा विसर्जन गर्नको लागि वातावरण सम्बन्धी प्रचलित कानूनको अधीनमा रही फोहोरमैला व्यवस्थापन स्थल ( स्यानिटरी ल्याण्डफिल साइट ) तोक्न सक्नेछ।

(२)उपदफा(१) बमोजिम फोहोरमैला व्यवस्थापन स्थल तोक्नको लागि गाउँपालिकाको जग्गा नभएमा वा जग्गा भए तापनि फोहोरमैला व्यवस्थापन स्थल तोक्न उपयुक्त नभएमा उपयुक्त जग्गा भाडामा लिई वा खरिद गरी व्यवस्थापन स्थल तोक्न सक्नेछ।

(३) यस दफा बमोजिम फोहोरमैला व्यवस्थापन स्थल तोक्दा दफा १५ को अधीनमा रही निजीक्षेत्रको निजी जग्गामा समेत फोहोरमैला व्यवस्थापन स्थलको विकास तथा सञ्चालन गर्न सकिनेछ।

(४) गाउँपालिकाले उपदफा (१) वा (२) बमोजिम फोहोरमैला व्यवस्थापन स्थल तोक्नको लागि जग्गाको अभाव भएमा उपयुक्त स्थलको छनौट गरी उपलब्ध गराउनको लागि मन्त्रालय समक्ष अनुरोध गर्न सक्नेछ।

(५) गाउँपालिकाले फोहोरमैला व्यवस्थापन स्थलको सञ्चालन तथा बन्द पश्चात् व्यवस्थापन सम्बन्धी कार्य तोकिएको वातावरणीय मापदण्ड अनुरूप गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम बन्द पश्चात व्यवस्थापन सम्बन्धी कार्य गर्दा फोहोरमैला व्यवस्थापन स्थलको प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा सिफारिस गरिएका सुझावहरु अनुरूप गर्नु पर्नेछ।

(७)गाउँपालिकाले फोहोरमैला व्यवस्थापन स्थल क्षेत्रलाई आवश्यक परेमा वातावरणीय रुपले सम्वेदनशील क्षेत्र घोषणा गर्न सक्नेछ।

(८) उपदफा (७) बमोजिमको क्षेत्रमा पशुपक्षी, जीवजन्तु तथा प्रवेशलाई रोक लगाउने, ढुङ्गा, गिट्टी र बालुवा निकाल्ने कार्यमा रोक लगाउनुको साथै वातावरण संरक्षण र त्यस्तो क्षेत्रको उचित व्यवस्थापनका लागि अन्य आवश्यक निर्देशन तथा निर्देशिका जारी गरी लागू गर्न सक्नेछ।

**१२. अनुमति सम्बन्धी व्यवस्था:** (१) यस ऐन बमोजिम गाउँपालिकाको अनुमति नलिई कसैले पनि फोहोरमैला व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन सक्ने छैन।

(२) फोहोरमैला व्यवस्थापन गर्न चाहने स्वदेशी वा विदेशी कम्पनी, संस्था वा निकायले देहायको विवरण खुलाई अनुमतिको लागि गाउँपालिकामा निवेदन दिनु पर्नेछ :

(क) फोहोरमैला व्यवस्थापन सम्बन्धी योजना,

`

(ख) फोहोरमैला व्यवस्थापन सम्बन्धी आवश्यक जनशक्ति तथा प्रविधिको विवरण,

(ग) फोहोरमैला व्यवस्थापन स्थलको प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन।

(घ) तोकिए बमोजिमको अन्य विवरण।

(३) उपदफा (२) बमोजिम पर्न आएको निवेदन उपर गाउँपालिकाले आवश्यक जाँचबुझ गरी अनुमतिपत्र दिन सक्नेछ।

(४) फोहोरमैलाको व्यवस्थापन, पुनः चक्रिय प्रयोग, प्रशोधन र विसर्जनमा आवश्यक पर्ने प्रविधि स्वदेशमा उपलब्ध हुन नसक्ने देखिएमा त्यस्तो प्रविधि उपलब्ध गराउन सक्ने कुनै विदेशी कम्पनी, संस्था वा निकायलाई सम्झौतामा उल्लिखित अवधिभित्र त्यस्तो प्रविधि हस्तान्तरण गर्ने शर्तमा नेपाल सरकारको स्वीकृति लिई गाउँपालिकाले उपदफा (५) बमोजिम अनुमतिपत्र दिन सक्नेछ।

(६) अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१३. निजी क्षेत्रबाट फोहोरमैला व्यवस्थापनको काम गराउन सकिनेः** (१) गाउँपालिकाले आवश्यकता अनुसार दफा १२ बमोजिम अनुमतिप्राप्त निजी क्षेत्रका कम्पनी वा सामुदायिक क्षेत्रबाट दफा १४ बमोजिम प्रतिस्पर्धा गराई वा पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी कानून बमोजिमको कुनै प्रक्रियाको अवलम्बन गरी आफ्नो क्षेत्रको फोहोरमैला व्यवस्थापन गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम फोहोरमैला व्यवस्थापन गर्दा निजी क्षेत्रका कम्पनीको हकमा देहायका सबै वा कुनै र सामुदायिक एवं गैरसरकारी संघ संस्थाको हकमा देहायका कुनै काम गराउन सकिनेछ :

(क) फोहोरमैला न्यूनीकरणका लागि जनचेतना अभिवृदि,

(ख) फोहोरमैला सङ्कलन,

(ग) फोहोरमैला ढुवानी,

(घ) फोहोरमैलाको प्रयोग, पुनः प्रयोग, पुनः चक्रीय प्रयोग वा प्रशोधन,

(ङ) फोहोरमैला विसर्जन, र

(च) बन्द पश्चात व्यवस्थापन।

**१४. प्रतिस्पर्धा गराई फोहोरमैला व्यवस्थापनको जिम्मा दिनेः** (१) गाउँपालिकाले दफा १३ बमोजिम निजी क्षेत्र वा सामुदायिक संस्थाबाट फोहरमैला व्यवस्थापन गराउँदा बोलपत्र आह्वान गरी प्रतिस्पर्धा गराई व्यवस्थापकको छनौट गरी व्यवस्थापन गर्ने जिम्मा दिनेछ।

(२) उपदफा (१) बमोजिम फोहोरमैला व्यवस्थापकको छनौट गर्दा देहायका आधारमा गर्नु पर्नेछ :

(क) गाउँपालिकालाई बुझाउन कबुल गरेको रकम ,

(ख) फोहोरमैलाबाट ऊर्जा शक्ति उत्पादन गर्ने वा प्राङ्गारिक मल उत्पादन गर्ने क्षमता, पूंजी, प्रविधि र जनशक्तिको क्षमता,

(ग) आर्थिक तथा प्राविधिक क्षमता,

`

(घ) फोहोरमैला व्यवस्थापनमा अपनाउन प्रस्ताव गरिएको प्रविधिको दिगोपना तथा वातावरणीय प्रभाव न्यूनीकरण,

(ङ) व्यवस्थापन करार गर्ने भए प्रस्ताव गरिएको व्यवस्थापन शुल्क,

(च) फोहोरमैलाको प्रयोग, प्रशोधन वा पुनः प्रयोग गर्ने सम्बन्धमा भए गाउँपालिकालाई बुझाउन मञ्जुर गरिएको रोयल्टी ।

(३) बोलपत्र सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिम फोहोरमैला व्यवस्थापनको जिम्मा पाएको कम्पनी, संस्था वा निकायले गाउँपालिकासँग गरेको सम्झौताको अधीनमा रही दफा २९ बमोजिमको शुल्क उठाउन सक्नेछ ।

( ५) फोहोरमैला व्यवस्थापनमा गैरसरकारी क्षेत्रको संलग्नता सम्बन्धी अन्य कुराहरु तोकिए बमोजिम हुनेछ ।

**१५. फोहोरमैला व्यवस्थापन स्थल निर्माण तथा सञ्चालन गर्न स्वीकृति दिन सकिने :**

(१) निजी क्षेत्रबाट फोहोरमैला व्यवस्थापनका लागि फोहोरमैला व्यवस्थापन स्थल, प्रशोधन स्थल वा अन्य संयन्त्र निर्माण गरी सञ्चालन गर्न स्वीकृति माग गरेमा वातावरण तथा अन्य प्रचलित संयन्त्र निर्माण तथा सञ्चालनका लागि गाउँपालिकाले कानूनको अधीनमा रही त्यस्तो स्वीकृति दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निजी क्षेत्रबाट फोहोरमैला व्यवस्थापन संयन्त्रको निर्माण तथा सञ्चालन गर्दा तोकिएको वातावरणीय मापदण्डको पालना भए वा नभएको अनुगमन गाउँपालिकाले गर्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुगमन गर्दा स्वीकृत मापदण्डको पालना गरेको नपाइएमा त्यस्तो मापदण्ड पालनाको लागि आवश्यक व्यवस्था गर्न समयावधि तोकिदिन सक्नेछ र सो समयावधिमा पनि मापदण्डको पालनाको लागि आवश्यक व्यवस्था नगरेमा त्यस्तो व्यक्ति वा कम्पनीको स्वीकृति गाउँपालिकाले रद्द गर्न सक्नेछ ।

**१६. सार्वजनिक निजी साझेदारीमा फोहोरमैला व्यवस्थापन गर्न सकिने :** (१) गाउँपालिकाले प्रचलित कानूनको अधीनमा रही निजी क्षेत्र, सामुदायिक एवं गैरसरकारी संघ संस्थासँगको साझेदारीमा फोहोरमैला व्यवस्थापन कार्य गर्न सक्नेछ । ,(२) उपदफा (१) जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक एवं गैरसरकारी संघ संस्थासँगको साझेदारीमा फोहोरमैला न्यूनीकरणको लागि जनचेतना अभिवृदि, फोहोरमैला स्थलको बन्द पश्चात व्यवस्थापन, उद्यान निर्माण र सङ्कलन, ढुवानी, फोहोरमैला व्यवस्थापन सौन्दर्यीकरण जस्ता कार्य मात्र गर्न वा गराउन सकिनेछ ।

**१७. प्रशोधन केन्द्र स्थापना गर्न सक्ने :** (१) गाउँपालिकाले फोहोर व्यवस्थापनको लागि गाउँपालिका आफैले वा नीजि क्षेत्रले वा गाउँपालिका र अन्य सरकारी वा गैरसरकारी संस्था विच सवन्वय वा साझेदारी गरि फोहोरमैला प्रशोधन केन्द्र स्थापना गरि सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिका आफैले स्थापना गरेको प्रशोधन केन्द्रको सञ्चालन र व्यवस्थापन गर्ने काम यस ऐन को दफा २४ बमोजिम गठित समितिले गर्नेछ ।

`

(३) उपदफा (१) बमोजिम गाउँपालिका आफैले स्थापना गरेको प्रशोधन केन्द्रको लागी आवस्यक बजेट र कर्मचारी व्यवस्थान गर्ने काम गाउँपालिका आफैले गर्नेछ ।

(४) गाउँपालिकाद्वारा सञ्चालित प्रशोधन केन्द्रमा काम गर्ने कर्मचारीको सेवा, सर्त सुविधा र अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

(५) गाउँपालिकाद्वारा सञ्चालित प्रशोधन केन्द्रको व्यवस्थापन र सञ्चालन सम्बन्धी कार्याविधी तोकिए बमोजिम हुनेछ ।

(६) उपदफा (१) बमोजिम नीजि क्षेत्र वा साझेदारीमा स्थापना हुने प्रशोधन केन्द्रको व्यवस्थापन र सञ्चालन करार सम्झौतामा लेखिए बमोजिम हुनेछ ।

**१८. फोहोरमैला बिक्री गर्न सक्नेः** (१) गाउँपालिकाले फोहोरमैला व्यवस्थापनसँग सम्बन्धित कार्य गर्ने कुनै व्याक्ति, नीजि संस्था, प्रशोधन केन्द्र, रासायनीक मल बनाउने उद्योग, फोहोरलमैला पुन प्रयोग सम्बन्धी काम गर्ने व्यवसाय, सरकारी वा गैरसरकारी संस्थालाई गाउँक्षेत्रबाट दैनिकरुपमा संकलन हुने फोहोरमैला विक्री गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बिक्री गर्दा प्रचलित ऐन बमोजिम गरी प्रतिस्पर्धा गराई विक्रि गर्नु गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम फोहोरमैला बिक्री गर्ने निर्णय भएमा त्यस्तो फोहोरमैला बिक्री सम्बन्धी अन्य सर्त त्यस्तो फोहोरमैला खरिद गर्ने व्यक्ति, नीजि संस्था, प्रशोधन केन्द्र, रासायनिक मल बनाउने उद्योग, फोहोरलमैला पुन प्रयोग सम्बन्धी काम गर्ने व्यवसाय, सरकारी वा गैरसरकारी संस्था र गाउँपालिका विच हुने करार सम्झौता बमोजिम हुनेछ।

**१९ . आर्थिक सहायता दिन सक्नेः** गाउँपालिकाले यस ऐनको दफा १३ दफा १४ र दफा १६ बमोजिम फोहोर व्यवस्थापन गर्न नीजि संघ सस्था, समुदायिक, सरकारी र गैरसरकारी सस्थालाई आर्थिक सहायता दिन सक्ने छ र त्यस्तो आर्थिक सहायता गाउँपालिकाको निर्णय गरे बमोजिम हुनेछ ।

**२०. साझेदारीमा कार्यक्रम गर्न सक्नेः** गाउँपालिकाले फोहोर व्यवस्थापन गर्न संघ, प्रदेश, अन्य स्थानिय तह, नीजि संघ सस्था, समुदायिक, सरकारी र गैरसरकारी संस्थासँग साझेदारी गरी कार्यक्रम गर्न सक्ने छ ।

**२१. प्रदूषण नियन्त्रणः** (१) आफ्नो क्षेत्रभित्र सङ्कलित फोहोरमैलाबाट सो क्षेत्रमा पर्न सक्ने प्रतिकूल वातावरणीय प्रभावलाई यथाशक्य कम गरी प्रदूषण रहित ढङ्गले व्यवस्थापन गर्ने दायित्व गाउँपालिकाको हुनेछ ।

(२) गाउँपालिकाले प्रदूषणरहित ढङ्गले फोहोरमैला व्यवस्थापन गर्ने प्रयोजनका लागि आवश्यक प्राविधिक सहयोगको लागी नेपाल सरकार समक्ष माग गर्न सक्नेछ ।

**२२. फोहोरमैला व्यवस्थापनको अनुगमनः** (१) गाउँपालिकाले फोहोरमैला व्यवस्थापन तथा निष्काशन कार्यको नियमित अनुगमन गर्नु वा गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्ने वा गराउने प्रयोजनका लागि गाउँपालिकाले आवश्यक कार्य योजना बनाई लागू गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम अनुगमनमा खटिने व्यक्तिले अनुगमन पश्चात प्रतिवेदन गाउँपालिकालाई दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त प्रतिवेदनमा औंल्याइएका विषयहरुको सुधार तथा कार्यान्वयन गर्ने सम्बन्धमा गाउँपालिकाले आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

`

(५) गाउँपालिकाले फोहोरमैला व्यवस्थापनको अनुगमन सम्बन्धी कार्यमा प्राविधिक सहयोगको लागि तालुक निकाय मार्फत नेपाल सरकारलाई अनुरोध गर्न सक्नेछ।

**२३. फोहोरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको आर्थिक सामाजिक विकास तथा वातावरण संरक्षण सम्बन्धी व्यवस्थाः** (१) गाउँपालिकाले फोहोरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको आर्थिक, सामाजिक, भौतिक विकास तथा वातावरण संरक्षणको गुरुयोजना बनाई सो योजना कार्यान्वयनको लागि विभिन्न कार्यक्रम बनाई कार्यान्वयन गर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि गाउँपालिकाले मूलतः देहायका क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न सक्नेछ ;

(क) सडक निर्माण, विद्युत आपूर्ति, खानेपानी तथा ढल निकास, सरसफाई र वातावरण संरक्षण, (ख) विद्यालय र स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन,

(ग) फोहोरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रका आर्थिक रुपले विपन्न तथा सामाजिक रुपले पिछडिएका वर्गको उत्थान तथा विकासको लागि आवश्यक कार्यक्रम।

(३) गाउँपालिकाले सम्बन्धित समुदायसँग परामर्श गरी उपदफा (१) बमोजिम योजना तर्जुमा वा उपदफा (२) बमोजिम कार्यक्रमको छनौट गर्नेछ।

(४) यस दफा बमोजिम प्रभावित क्षेत्रको लागि तर्जुमा गरिएको कार्यक्रमको कार्यान्वयन गर्दा सम्बन्धित समुदायको सहभागिता रहने गरी गर्नु पर्नेछ।

(५) फोहोरमैला व्यवस्थापन स्थलको सञ्चालन गर्दा वा सोको लागि कुनै कार्यक्रम कार्यान्वयन गर्दा वातावरण संरक्षण सम्बन्धी प्रचलित कानूनले तोकेको मापदण्डको अनुकूल हुने गरी गर्नु पर्नेछ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि " प्रभावित क्षेत्र " भन्नाले फोहरमैला व्यवस्थापन स्थलको लागी प्रयोग भईरहेको वा प्रयोग भई बन्द पश्चात व्यवस्थापन हुने क्षेत्र र सो क्षेत्रले प्रत्यक्ष प्रभावित भएको मानवीय वस्ती वा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको क्षेत्रलाई सम्झनु पर्छ।

## परिच्छेद ४

## फोहोर व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

**२४.समिति गठन गर्ने :** (१) यस ऐन बमोजिम फोहोर व्यवस्थापन सम्बन्धी आवस्यक कार्य गर्न गाउँपालिकाले देहाय बमोजिमको " फोहोर व्यवस्थापन समिति गठन गर्नेछ :

(क) गाउँपालिका अध्यक्ष संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत सदस्य

(घ) कार्यपालिका सदस्य मध्येबाट एक जना महिला सहित दुई जना सदस्य

(ङ) स्थानीय उद्योग वाणिज्य संगठनको प्रतिनिधी (एक जना) सदस्य(गठन गरिसकेको भएमा)

(च) साँघु प्रहरी चौकी प्रतिनिधि (एक जना) सदस्य

`

(छ) गाउँपालिकाको वातावरण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्य हेर्ने शाखाको शाखा प्रमुख सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिमा समितिले आवस्यक ठानेमा फोहोरमैला व्यवस्थापन सम्बन्धी ज्ञान, सिप र अनुभव भएको बढीमा दुईजना विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

**२५.समितिको काम , कर्तव्य र अधिकार:** दफा २४ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) फोहोरमैलाको सङ्कलन, पहिचान, पूनः चक्रिय प्रयोग र प्रशोधन जस्ता कार्यको लागि आवश्यक कार्य गर्ने,

(ख) फोहोरमैला व्यवस्थापनको लागी आवस्यक पर्ने डस्टबिन (Dustbin), फोहोर बाहक गाडी जस्ता समान वा मेशिनको परिचलान गर्ने गराउने,

(ग) फोहोरमैला व्यवस्थापन स्थल (Sanitary Landfill Site or Dumping Site) को पहिचान गरि गाउँपालिकालाई त्यस्तो स्थान प्रयोग गर्न सवन्वय र सहजिकरण गर्ने,

(घ) फोहोरमैला व्यवस्थापनका लागी यस ऐन बमोजिम तोकिएको शुल्क संकलन गर्न व्यवस्था मिलाउने,

(ङ) फोहोरमैला व्यवस्थापनको कार्यको नियमन गर्ने,

(च) फोहोरमैलाको बर्गिकरण गर्ने र सोहि बमोजिम फोहोरमैलाको व्यवस्थापन गर्ने गराउने,

(छ) फोहोरमैला व्यवस्थापन सँग सम्बन्धित जनचेतना, जागरण जस्ता कार्य गर्न छलफल, गोष्ठी, सडक नाटक, संचार माध्यममा जनचेतनामुलक विज्ञापन गर्ने जस्ता कार्य गर्ने गराउने,

(ज) फोहोरमैला व्यवस्थापनको लागी संघ, प्रदेश र अन्य स्थानिय तहसँग सवन्वय गर्ने,

(झ) फोहोरमैला व्यवस्थापनको लागी नविनतम् प्रविधिहरुको खोजी गरी आवस्यक्ता अनुसार त्यस्ता प्रविधीको प्रयोग गर्न व्यवस्था मिलाउने,

(ञ) फोहोरमैला व्यवस्थापन कार्यको अनुगमन गरी कार्यपालिकामा प्रतिवेदन पेश गर्ने,

(ट) फोहोर व्यवस्थापनमा प्रयोग हुने मेसिन तथा औजारको व्यवस्थापन गर्ने गर्न लगाउने

(ठ) फोहोरमैला व्यवस्थापन कार्यको लागी निजी तथा सामुदायिक संघ संस्था, गैर सरकारी संस्था जस्ता संस्था बाट आधा जनशक्तिको सहयोग जुटाउन आवश्यक कार्य गर्ने गराउने,

(ड) कार्यपालिकाले तोकेको अन्य कार्य।

**२६.समितिको बैठक सञ्चालन र व्यवस्थापन:**(१) समितिको बैठकको अध्यक्षता समितिको संयोजकको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(२) समितिको सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(३) समितिको बैठकको निर्णय बहुमतको आधारमा हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

`

(४) समितिले आवश्यक देखेमा फोहरमैला व्यवस्थापन सम्बन्धी कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सम्बन्धित पदाधिकारीलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(५) समितिको निर्णय सदस्य - सचिवद्वारा प्रमाणित गरिनेछ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**२७.वडा स्तरीय समिति गठन गर्न सक्ने :** (१) गाउँपालिकाले वडा स्थित फोहोर व्यवस्थापनको कार्य गर्न देहाय बमोजिमको वडास्तरीय फोहोर व्यवस्थापन समिति गठन गर्न सक्नेछ :

(क) सम्बन्धित वडाका वडाध्यक्ष -संयोजक

(ख) सम्बन्धित वडाका वडा सदस्यहरु सबै -सदस्य

(ग) सम्बन्धित वडामा रहेका फोहोर व्यवस्थापन सँग सम्बन्धित कार्य गर्ने व्यक्ति वा संघ संस्था मध्येबाट वडाध्यक्षले तोकेको एक जना -सदस्य

(घ) सम्बन्धित वडा क्षेत्रभित्र स्थापना भई सञ्चालनमा रहेका टोल विकास संस्था मध्येबाट वडाध्यक्षले तोकेको बढीमा दुईवटा टोल विकास संस्थाको प्रतिनिधि ( जम्मा दुई जना ) -सदस्य

(ङ) सम्बन्धित वडाको वडासचिव -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको वडास्तरीय फोहोर व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क)वडा क्षेत्रभित्र फोहोरमैलाको संकलन, पहिचान, प्रशोधन जस्ता कार्यको लागी आवस्यक कार्य गर्ने,

(ख) वडा क्षेत्रभित्र सर्वसाधारण तथा निजी घर, व्यवसाय जस्ता क्षेत्रबाट दैनिक रुपमा उत्पादन हुने फोहोरमैला विसर्जन र सङ्कलन गर्ने स्थानको पहिचान गरी त्यस्तो तोकिएको स्थानमा मात्र फोहोरमैला विसर्जन गर्न सर्वसाधारणलाई प्रेरित गर्न आवस्यक कार्य गर्ने,

(ग) फोहोरमैला व्यवस्थापनको लागी आवस्यक पर्ने डस्टबिन (Dustbin), फोहोर बाहक गाडी जस्ता समान वा मेशिनको परिचलान गर्न सहयोग गर्ने,

(घ) वडा क्षेत्रभित्रका टोल विकास संस्थासँग फोहोरमैला व्यवस्थापनको लागी आवस्यक सहयोग र सवन्वय गर्ने,

(ङ) वडा क्षेत्रभित्र फोहोरमैला व्यवस्थापनको कार्यको नियमन र निरीक्षण गर्ने,

(च) फोहोरमैलाको वर्गीकरण गर्ने र सोहि बमोजिम फोहोरमैलाको व्यवस्थापन गर्न गराउन सहयोग गर्ने,

(छ) वडा क्षेत्रभित्र फोहोरमैला व्यवस्थापनसँग सम्बन्धित जनचेतनामुलक कार्य गर्ने गराउने

(ज) फोहोरमैला व्यवस्थापन स्थल (Sanitary Landfill Site or Dumping Site) भएको वडामा त्यस्तो स्थान प्रयोग गर्न पालिकालाई सवन्वय र सहजिकरण गर्न सहयोग गर्ने,

(झ) फोहोरमैला व्यवस्थापनको लागी नविनतम् प्रविधिहरुको खोजी गरी आवश्यकता अनुसार त्यस्ता प्रविधीको प्रयोग गर्न व्यवस्था मिलाउन सहयोग गर्ने,

(ञ) वडा क्षेत्रभित्र फोहोरमैला व्यवस्थापनको कार्यको अनुगमन गरी समितिलाई प्रतिवेदन पेश गर्ने,

(ट) वडा क्षेत्रभित्र फोहोर व्यवस्थापनमा प्रयोग हुने मेसिन तथा औजारको व्यवस्थापन गर्ने\गर्न लगाउने,

`

(ठ) वडा स्तरीय फोहोर व्यवस्थापन समितिको अन्य कार्य तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिको सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) उपदफा (१) बमोजिमको समितिको बैठकको निर्णय बहुमतको आधारमा हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(५) उपदफा (१) बमोजिमको समितिको निर्णय सदस्य – सचिवद्वारा प्रमाणित गरिनेछ।

(६) उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**२८.अनुगमन गर्न सक्ने:** यस ऐन बमोजिम गठन हुने वडास्तरीय फोहोर व्यवस्थापन समितिको काम कारवाहीको बारेमा समितिले अनुगमन गर्न सक्नेछ र त्यस्तो अनुगमनको प्रतिवेदन गाउँ कार्यपालिकामा पेश गर्नेछ।

## परिच्छेद –५
## शुल्क सम्बन्धी व्यवस्था

**२९.शुल्क लिन सक्ने :** (१) गाउँपालिकाले पालिकाक्षेत्र भित्र दैनिक रुपमा फोहोर सङ्कलन गर्न गाउँपालिका क्षेत्रभित्रका निजी घर व्यवसाय, उद्योग, कलकारखाना, शैक्षिक संस्था, पार्क, बसपार्क, खेलमैदान जस्ता क्षेत्रबाट देहायका शुल्क लिन सक्नेछ :

(क)दैनिक दश किलोग्राम सम्म फोहोर निष्कासन हुने क्षेत्रबाट मासिक एक सय पचास रुपैंया।

(ख) दैनिक दश किलोग्राम देखी तिस किलोग्राम सम्म फोहोर निष्कासन हुने क्षेत्रबाट मासिक चार सय रु रुपैँया।

(ग) दैनिक तिस किलोग्राम देखि सत्तरी किलोग्राम सम्म फोहोर निष्कासन हुने क्षेत्रबाट मासिक एक हजार रुपैँया।

(घ) दैनिक सत्तरी किलोग्राम देखि एक सय किलोग्राम सम्म फोहोर निष्कासन हुने क्षेत्रबाट मासिक एक हजार पाँच सय रुपैँया।

(ङ) दैनिक एक सय किलोग्राम देखि दुई सय किलोग्राम सम्म फोहोर निष्कासन हुने क्षेत्रबाट मासिक दुई हजार पाच सय रुपैँया।

(च) दैनिक दुई सय किलोग्राम देखि चार सय किलोग्राम सम्म फोहोर निष्कासन हुने क्षेत्रबाट मासिक पाँच हजार रुपैँया।

(छ) दैनिक चार सय किलोग्राम देखि एक हजार किलोग्राम सम्म फोहोर निष्कासन हुने क्षेत्रबाट मासिक दश हजार रुपैँया।

(ज) दैनिक एक हजार किलोग्राम बढी फोहोर निष्कासन हुने क्षेत्रबाट मासिक बीस हजार रुपैँया।

`

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि व्यापार व्यवसाय बाहेक आवासीय, निजी घरबाट फोहोर व्यवस्थापन शुल्क लिँदा घरमा बस्ने परिवार संख्या वा घरको तलाको आधारमा न्युनतम दुई सय रुपैयामा नघटाई र त्यस्तो घरको तल्लाको आधारमा प्रत्येक तल्लालाई दुई सयले गणना गरि निर्धारण गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम निर्धारण भएको शुल्क घरधनीबाट असुल गरिनेछ।

(४) आवसिय घर बाहेकको व्यापार व्यवसायको हकमा व्यवसायीले उपदफा (१) बमोजिमको शुल्क तिर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिमको शुल्क गाउँपालिकाले आवश्यकता अनुसार प्रत्येक दुई वर्षमा पुनरावलोकन गर्न सक्नेछ।

(६) उपदफा (१) बमोजिमको शुल्क सम्बन्धित गाउँपालिका आफैँले वा निजले तोकेको संस्था वा निकाय मार्फत उठाउन सक्नेछ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा १३, दफा १४ र दफा १६ बमोजिम फोहोरमैला व्यवस्थापन गर्न जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले गाउँपालिकासँग भएको सहमतिको आधारमा फोहोरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क उठाउन सक्नेछ, तर तोकिए बमोजिमका विपन्न वर्गलाई सेवा शुल्कमा तोकिए बमोजिम छुट दिइनेछ।

**३०.सेवा निलम्बन वा अन्त्य गर्न सक्ने :** (१) गाउँपालिकाले दफा २९ बमोजिमको सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहोरमैला व्यवस्थापन सम्बन्धी सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि फोहोरमैला व्यवस्थापन गर्न दफा १३, दफा १४ र दफा १६ बमोजिम जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले दफा २९ बमोजिमको सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहोरमैला व्यवस्थापन सम्बन्धी सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ र यसरी सेवा निलम्बन वा अन्त्य गरिएमा सोको जानकारी गाउँपालिकालाई दिनु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम सेवाको निलम्बन वा अन्त्य गरिएको अवस्थामा आफ्नो घरबाट उत्पादन हुने फोहोरमैलाको व्यवस्थापन सम्बन्धित घरधनी वा संस्था आँफैले गर्नु पर्नेछ।

(४) सेवाग्राहीले दफा २  बमोजिम बुझाउनु पर्ने सेवा शुल्क बुझाएमा निजलाई पुनः सेवा प्रदान गरिनेछ।

**३१.शुल्क सम्बन्धी अन्य व्यवस्थाः** (१) दफा २९ बमोजिमको शुल्क सङ्कलन गर्न गाउँपालिकाले वडा कार्यालय र आवश्यकता अनुसार अन्य स्थायी, अस्थायी वा घुम्ती सङ्कलन केन्द्र सञ्चालन गर्न सक्नेछ।

(२) यस ऐन बमोजिम सङ्कलन भएको शुल्कबाट प्राप्त आम्दानी तथा यस ऐन बमोजिम फोहोरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराउदा प्राप्त हुने आम्दानी गाउँपालिकाले एउटा छुट्टै शीर्षकमा राखी सो रकम तोकिएको मापदण्डको अधीनमा रही

फोहोरमैलाको व्यवस्थापन, वातावरणीय संरक्षण तथा फोहोरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको विकासमा खर्च गर्नेछ।

`

(३) निजी क्षेत्र वा गैरसरकारी क्षेत्र बाट वा गाउँपालिका सँग साझेदारीमा फोहोर व्यवस्थापन भएको अवस्थामा त्यस्तो निजी क्षेत्र वा गैरसरकारी संस्था आफैँले शुल्क सङ्कलन गर्न सक्नेछ र त्यसरी सङ्कलन भएको शुल्क त्यस्तो निजी क्षेत्र वा गैर सरकारी संस्था आफैँले आफ्नो आम्दानी बाँध्न सक्नेछ।

(४) शुल्क सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ६
## कसूर र दण्ड सजाय

**३२.फोहोरमैला गर्न नपाइने र फोहोरमैला व्यवस्थापनमा वाधा पुयाउन नपाइनेः** गाउँपालिकाद्वारा तोकिएको सङ्कलन केन्द्रमा बाहेक कुनै पनि सार्वजनिक स्थानमा फोहोरमैला उत्सर्जन गर्न गराउन र फोहोरमैला व्यवस्थापनमा बाधा पुऱ्याउनु हुँदैन।

**३३ .कसुर भएको मानिनेः** कुनै पनि व्याक्ति वा संस्थाले यस ऐनको दफा ३२ मा लेखिए विपरित वा देहायका कुनै काम गरेमा कसुर भएको मानिनेछः

(क) गाउँपालिकाले तोकिदिएको समय र स्थान बाहेक अन्यत्र फोहोरमैला निष्काशन गर्ने,

(ख) कण्टेनर वा फोहोरमैला सङ्कलन केन्द्रमा राखिएको फोहोरमैला अनाधिकृत तवरले प्रयोग गर्ने,

(ग) फोहोरमैला सङ्कलन केन्द्रमा राखिएको कण्टेनर तोडफोड गर्ने, क्षति पुर्याउने, राखिएको स्थानबाट हटाउने वा सङ्कलन केन्द्रमा कुनै नोक्सानी पुर्‍याउने,

(घ) यस ऐन बमोजिम अनुमति नलिई फोहोरमैला व्यवस्थापनको कार्य गर्ने,

(ङ) यस ऐन बमोजिम फोहोरमैला व्यवस्थापनको लागि प्रदान गरिएको अनुमतिपत्रमा उल्लिखित शर्तहरु उल्लङ्घन गर्ने,

(च) फोहोरमैला सङ्कलन केन्द्र, कण्टेनर वा फोहोरमैला थुपार्ने ठाउँमा कुनै पनि किसिमको हानिकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्ने,

(छ) घर, कम्पाउण्ड तथा परिसरको फोहोरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राखे, फाल्ने वा थुपार्ने,

(ज) फोहोरबाट निस्केको दूषित पानी (लिकेच) वा ढल चुहाई अन्य व्यक्तिको घर वा जग्गा प्रदूषित गराउने,

(झ) सडक या अन्य सार्वजनिक स्थानमा सरसफाई तथा फोहोरमैला सङ्कलन गर्न स्थानीय तहले तोकेको समय वा सफाई गर्दाको समयमा त्यस्तो ठाउँमा कुनै पनि किसिमको सवारी साधन बिसाउने वा बिसाइराखेको सवारी साधन हटाउन इन्कार गर्ने,

(ञ) गाउँपालिकाले तोकेको ठाउँमा बाहेक जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहोरमैला राखे, फाल्ने, थुपार्ने वा निष्काशन गर्ने,

(ट) रासायनिक फोहोरमैला, औद्योगिक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहोरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

`

(ठ) औद्योगिक प्रतिष्ठान वा स्वास्थ्य संस्थाले उद्योग वा स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहोरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

(ड) फोहोरमैला सङ्कलन, ढुवानी तथा फोहोरमैला व्यवस्थापनमा बाधा अवरोध सिर्जना गर्ने

(ढ) फोहोरमैला सङ्कलन, ढुवानी तथा अन्तिम निष्काशन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यमा हडताल गर्ने,

(ण) फोहोरमैला अत्यधिक उत्पादन हुने वस्तु भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी प्रतिबन्ध लगाएको कुनै वस्तुको उत्पादन तथा बिक्री वितरण गर्ने,

(त) दफा ३८ विपरीत रासायनिक विषादीको आयात गर्ने वा म्याद नाघेको (समयावधि सकिएको) औषधि नष्ट गर्ने जिम्मेवारी पूरा नगर्ने,

(थ) स्रोत मै फोहोरमैलाको पृथकीकरण नगरी दफा ५ को विपरीत फोहोरमैला मिसाएर निष्काशन गर्ने,

(द) मरेको वा मारेको पशुपक्षी र सोको लादी, प्वाँख, हड्डी सार्वजनिक स्थल, सडक, गल्ली, चोकमा राखे, फाल्ने वा थुपार्ने।

**<u>३४. सजायः</u>** (१) कुनै पनि व्यक्ति वा संस्थाले यस ऐनको दफा ३३ बमोजिमको कसुर गरेमा गाउँपालिकाले त्यस्तो कुनै पनि व्यक्ति वा संस्थालाई देहाय बमोजिम सजाय गर्न सक्नेछ :

(क) गाउँपालिकाले दफा ३३ बमोजिमको कसुर भएको खण्ड (क) बमोजिमको कसूर गर्ने व्यक्तिलाई पहिलो पटक भए पाँच हजार रुपैयाँ सम्म जरिवाना, दोस्रो पटक सोही कसुर गरेमा पाँच हजार रुपैयाँ देखि दश हजार रुपैयाँसम्म जरिवाना र सोही कसूर तेस्रो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि पन्ध्र हजार रुपैयाँका दरले जरिवाना गरी फोहोरमैला उठाउँदा लाग्ने खर्च समेत निजबाट असूल उपर गर्न सक्नेछ।

(ख) दफा ३३ को खण्ड (ख) र (झ) बमोजिमको कसूर गर्नेलाई स्थानीय तहले पाँच सय रुपैयाँ देखि पाँच हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ।

(ग) दफा ३३ को खण्ड (ग) बमोजिमको कसूर गर्नेलाई पन्ध्र हजार रुपैया देखिपचास हजार रुपैयाँसम्म जरिवाना गरी कण्टेनर वा सङ्ढलन केन्द्र व्यवस्थापन गर्न लाग्ने खर्च असूल उपर गर्न सक्नेछ।

(घ) दफा ३३ खण्ड (घ) र (ङ) बमोजिमको कसूर गर्नेलाई स्थानीय तहले पन्ध्र हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गरी अनुमति नलिएसम्म त्यस्तो कार्य गर्न रोक लगाउनेछ।

(ङ) दफा ३३ को खण्ड (च) बमोजिमको कसूर गर्नेलाई स्थानीय तहले पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो वस्तु वा पदार्थबाट कुनै क्षति भइसकेको भए त्यस्तो क्षति बापतको रकम समेत कसूरदारबाट असूल उपर गर्न सक्नेछ।

(च) दफा ३३ को खण्ड (छ), (ज) र (द) बमोजिमको कसूर गर्नेलाई पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(छ) दफा ३३ को खण्ड (ञ) बमोजिमको कसूर गर्नेलाई तीस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

`

(ज) दफा ३३ को खण्ड (ट), (ठ) र (त) बमोजिमको कसूर गर्नेलाई पचास हजार रुपैयाँ देखि एक लाख रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ र सोही कसूर पुनः गरेमा पहिलो पटक गरेको जरिवानाको दोब्बर जरिवाना गरी प्रचलित कानून बमोजिम अनुमति रद्द गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

(झ) दफा ३३ को खण्ड (ड), (ढ) र (ण) बमोजिमको कसूर गर्नेलाई आवस्यक कारवाहीका लागी सम्बन्धित प्रहरी कार्यालयमा जानकारी गराइनेछ।

(ञ) दफा ३३ को खण्ड (थ) बमोजिमको कसुर गर्नेलाई सम्बन्धित प्रत्येक पटक पाँच सय रुपैयाँ जरिवाना गर्न सक्नेछ।

(२) फोहोरमैला व्यवस्थापन गर्ने कार्यको जिम्मेवारी प्राप्त गरेको कुनै पनि कर्मचारीले निजले गर्नुपर्ने काम र कर्तव्य भनि तोकिएको काम कारवाही तोकिएको समयमा नगरेमा वा गर्दा लापरवाही गरि फोहोर व्यवस्थापनमा बाधा पुऱ्याएमा त्यस्तो कर्मचारीलाई प्रचलित कानून बमोजिम कारवाही गरिनेछ।

(३) उपदफा (१) को खण्ड (झ) बाहेकका सबै खण्ड र उपदफा (२) बमोजिमको सजाय गर्नुपुर्व त्यस्तो व्यक्ति वा संस्थालाई गाउँपालिका बाट सुचना दिई सात दिन भित्र सफाइ पेश गर्ने मौका दिइनेछ।

(४) कुनै व्यक्ति र संस्थाले यस दफा बमोजिम गरेको कसुरको प्रकृती हेरी त्यस्तो कसुर गर्ने व्यक्ति वा संस्थालाई यस ऐन बमोजिम गरेको कारवाहीको बारेमा सार्वजनिक सञ्चार माध्याममा प्रकाशन समेत गर्न सकिनेछ।

**३५. सजाय तोक्ने अधिकारी :** (१) यस ऐनको दफा ३४ को उपदफा (१) को खण्ड (क), (ख), ( ङ), (च) र (ञ) बमोजिमको कसुरमा गाउँपालिकाको फोहोर व्यवस्थापन हर्ने शाखा प्रमुखले कसुर निर्धारण गरि सजाय गर्न सक्नेछ।

(२) यस ऐनको दफा ३४ को उपदफा (१) को खण्ड (ग), ( घ), (च) र (ज) र दफा ३४ को उपदफा (२) बमोजिमको कसुरमा गाउँपालिकाको फोहोर व्यवस्थापन हुने शाखा प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले वा प्रमुख प्रशासकीय अधिकृत आफैँले कसुर निर्धारण गरि सजाय गर्न सक्नेछ।

(३) प्रमुख प्रशासकीय अधिकृतले उपदफा (२) बमोजिम सजाय गरेको जानकारी कार्यपालिकालाई गराउनेछ।

**३६. सेवा सुविधा रोक्का गर्न सकिने :** (१) यस ऐन बमोजिम तोकिएको सेवा शुल्क वा जरिवाना नबुझाउने वा बुझाउन अटेर गर्ने व्यक्तिको लगत राखी त्यस्तो शुल्क वा जरिवाना असुल नभएसम्मको लागी गाउँपालिका र वडाले उपलब्ध गराउने कुनै वा सम्पूर्ण सेवा सुविधाको अतिरिक्त विद्युत तथा टेलिफोन सेवा रोक्का गरिदिन तथा निजको नामको घर जग्गा बिक्री रोक्का गर्नको लागि गाउँपालिकाले सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ , तर यसरी लेखी पठाउनु अघि सम्बन्धित व्यक्तिलाई सो सम्बन्धमा लिखित रुपमा जानकारी दिनु पर्नेछ (२) उपदफा (१) बमोजिम लेखी आएमा त्यस्तो सेवासुविधा रोक्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ।

**३७. पुनरावेदन दिन सक्ने-** दफा ३४ र दफा ३६ बमोजिम गरेको सजायको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो आदेश भएको मितिले पैँतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

`

## परिच्छेद –७
## विविध

**३८.रासायनिक विषादी सम्बन्धी व्यवस्थाः** (१) रासायनिक विषादीको आयात गर्दा प्रचलित कानून बमोजिमको मापदण्डको अधीनमा रही गर्नु पर्नेछ।

(२) समयावधि सकिएको रासायनिक विषादी तोकिएको मापदण्डको अधीनमा रही नष्ट गर्ने जिम्मेवारी सम्बन्धित व्यक्ति वा संस्थाको हुनेछ।

**३९.फोहरमैला व्यवस्थापनमा संलग्न सामुदायिक क्षेत्रका निकायको अभिलेख राख्नेः** (१) गाउँपालिका क्षेत्रभित्रको फोहरमैला व्यवस्थापनमा काम गर्ने सामुदायिक क्षेत्रको अद्यावधिक विवरण राख्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम राखिने विवरणमा त्यस्तो क्षेत्रले काम गरिरहेको क्षेत्र र प्रकृति, जनशक्ति, आर्थिक तथा प्राविधिक स्रोत तथा गाउँपालिकाले यस ऐन बमोजिम तोकेको अन्य विवरण समेत उल्लेख गर्न सकिनेछ।

**४०.जानकारी गराउनेः** गाउँपालिकाले कुनै पनि विदेशी व्यक्ति, संघ, संस्था वा दातृ निकायबाट सहयोग लिई फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गर्नु पूर्व सम्बन्धित संघीय मन्त्रालयलाई जानकारी गराउनु पर्नेछ।

**४१.अधिकार प्रत्यायोजन :** (१) समितिले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही वा सबै अधिकार समितिको संयोजक, सदस्य वा प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) प्रमुख प्रशासकिय अधिकृतले आफूलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकता अनुसार केही वा सबै अधिकार गाउँपालिकाको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

**४२.पुरस्कार दिन सकिने :** (१) गाउँपालिका क्षेत्र भित्र फोहोरमैला व्यवस्थापनका लागि नवीनतम अवधारणाहरुको विकास गर्ने, त्यस्तो कार्यलाई प्रोत्साहित गर्ने तथा फोहरमैला व्यवस्थापन कार्यमा योगदान गर्ने व्यक्ति वा संस्थालाई गाउँपालिकाले सम्मान स्वरुप उपयुक्त पुरस्कार दिन सक्नेछ।

**४३.बजेट विनियोजन गर्नेः** यो ऐनको कार्यान्वयनको लागी गाउँसभाले आवस्यक बजेट विनियोजन गर्नेछ।

**४४.नियम र विनियम बनाउन सक्नेः** यो ऐनको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यकता अनुसार नियम र सो नियमको अधिनमा रही विनियम बनाई लागू गर्न सक्नेछ।

**४५.मापदण्ड वा निर्देशिका जारी गर्न सक्नेः** (१) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही गाउँपालिकाले मापदण्ड वा निर्देशिका जारी गर्न, लागू गर्न सक्नेछ।

**४६.बचाउ र बचाउः** (१) यो ऐन प्रारम्भ हुनु पुर्व र प्रारम्भ भएपछि गाउँपालिकाबाट फोहोर व्यवस्थापनको सम्बन्धमा गरेको वा भएको काम कारवाही यसै ऐन बमोजिम गरेको वा भएको मानिनेछ।

(२) यो ऐनमा उल्लेखित कुनै पनि दफाहरु प्रचलित संघीय र प्रदेश कानुन सँग बाझिएमा बाझिएको हदसम्म यो ऐनको दफाहरु निष्कृय हुनेछन्।

**आज्ञाले**
**प्रमुख प्रशासकीय अधिकृत**